**डेनभर पब्लिक स्कूल्स**
**बिद्यार्थी सेवा महाशाखा**

**खण्ड ५०४- पहिचान, मूल्याङ्कन र स्थापनमा आमाबाबु/बिद्यार्थीका अधिकारहरु**

**तपाईलाई निम्न वमोजिमको अधिकार छ :**

1. उसमा भएको अशक्तताको कारणले उसलाई बिभेद नहुने गरी आफ्नो बच्चाले सार्वजनिक शिक्षा कार्यक्रममा भाग लिन र त्यसबाट फाइदाहरु लिन पाउने ;
2. संघीय कानून अन्तरगत भएका तपाईका अधिकारहरु सम्बन्धमा स्कूल्स डिस्ट्रिक्टवाट तपाईले सल्लाह सुझाव पाउने ;
3. आफ्नो बच्चाको पहिचान, मूल्याङ्कन वा स्थापन सम्वन्धी कुराको सूचना प्राप्त गर्ने ;
4. आफ्नो बच्चाले उपयुक्त निशुल्क सार्वजनिक शिक्षा लिन पाउने । यसमा अशक्तताहरु नभएका बिद्यार्थीहरुसगै उपयुक्त उच्चतम हद सम्म शिक्षित हुन पाउने अधिकार समावेश हुन्छ । यसमा तपाईको बच्चाले बिद्यालय भित्रको क्रियाकलापहरु र बिद्यालयसंग सम्बन्धित क्रियाकलापहरुमा सहभागी हुनका लागि स्कूल डिस्ट्रिक्टले उसलाइ समान अबसर दिने कुराको प्रबन्धहरु मिलाइदिन पाउने अधिकार पनि पर्दछ ;
5. तपाईको बच्चाले अशक्तता नभएका बिद्यार्थीहरुलाई प्रदान गरिए बमोजिमकै सबिधायुक्त संस्थाहरुमा पढ्न पाउने र सोही तुलनामा सेवाहरु लिन पाउने ;
6. तपाईको आफ्नै भाषामा र/वा संचारको प्राथमिक प्रणालीमा सबै जानकारी प्राप्त गर्न पाउने ;
7. बिबिध सूचना स्रोतहरुको आधारमा मुल्यांकन, शैक्षिक र स्थापन सम्बन्धी निर्णयहरु गराउन पाउने तथा बिधार्थीलाइ मूल्यांकन सम्बन्धी तथ्यांकलाई तथा स्थापनका बिकल्पहरुलाई चिन्ने ब्यक्तिहरुद्वारा सो गराउन पाउने ;
8. पुनरस्थापन ऐनको खण्ड ५०४ अन्तरगत यदि तपाईको बच्चा योग्य भएको पाइएमा तपाईको बच्चालाई औचित्यपूर्ण समायोजन गराउन पाउने ;
9. यदि उक्त बच्चा डिस्ट्रिक्टबाट सन्चालित कार्यक्रम अन्तर्गत राखिएको भएमा त्यसमा तपाईलाइ जे जस्तो खर्च लाग्ने थियो सो भन्दा बढी खर्च नलाग्ने गरी बैकल्पिक स्थापन ब्यबस्थामा भएकोमा आउदा जाँदा यातायात सुबिधा प्राप्त गर्न पाउने ;
10. डिस्ट्रिक्टले प्रदान गर्ने गैरशैक्षिक क्रियालापहरु र अतिरिक्त क्रियाकलापहरुमा भाग लिनको लागि तपाईको बच्चालाई समान अवसर उपलब्ध गराउन पाउने ;
11. आफ्नो बच्चाको पहिचान, मूल्यांकन, शैक्षिक कार्यक्रम र स्थापन सम्वन्धी निर्णयहरुसंग सम्बन्धित सम्पूर्ण प्रासंगिक अभिलेखहरुको जांचपड्ताल गर्न पाउने ;
12. महसूल दिदा पनि अभिलेखहरुमा तपाईको पहुंच अस्वीकार हुने अबस्थामा बाहेक मुनासिब मूल्यमा शैक्षिक अभिलेखका प्रतिहरु लिन पाउने ;
13. आफ्नो बच्चाको अभिलेख (रेकर्ड) हरुको स्पष्टीकरण र ब्याख्याकालागि गरिने जायज अनुरोधको प्रत्युत्तर स्कूल डिस्ट्रिक्टबाट प्राप्त गर्न पाउने ;
14. यदि आफ्नो बच्चाको शैक्षिक अभिलेखहरु बेठीक, भ्रामक तथा अन्य प्रकारले तपाईको बच्चाको गोप्यता सम्बन्धी अधिकारको उलंघन गर्ने खालका छन् भनी तपाईलाई लाग्ने मुनासिब कारण भएमा आफ्नो बच्चाको अभिलेखहरुलाई संशोधन गरिदिन अनुरोध गर्न पाइने । यदि संशोधन गरिदिनका लागि गरिएको अनुरोधलाई स्कूल डिस्ट्रिक्टले अस्वीकार गरेमा डिस्ट्रिक्टले सो कुराको सूचना तपाईलाई मुनासिब समयभित्रै दिनेछ र त्यस्मा तपाईलाई सुनुवाइको अधिकार छ भनी सुझाव दिनेछ ;
15. यदि बिद्यालयसंग तपाईको बिमति भएमा ५०४ अन्तरगत गुनासो दर्ता गर्न पाउने ;
16. आफ्नो बच्चाको पहिचान, मूल्यांकन, शैक्षिक कार्यक्रम वा स्थापन सम्बन्धी कुराहरुसंग सम्बन्धित निर्णयहरु वा काम कार्वाहीहरु प्रति मध्यस्थता गर्न वा निष्पक्ष रुपमा उपयुक्त प्रतिकृयाबाट सुनुवाइ हुनका लागि अनुरोध गर्न पाउने । उक्त सुनुवाइमा तपाई र बिद्यार्थीले भाग लिन पाउने र तपाईलाई प्रतिनिधित्व गर्न वकिल राख्न पाउने ;

17. नागरिक अधिकारको कार्यालय (अफिस अफ सिभिल राइटस), रिजन ८ सयुँक्त राज्यको शिक्षा विभाग (यु.एस.डिपार्टमेन्ट अफ ऐजुकेशन), फेडरल बिल्डिङ् सुइट ३१०, ०८–७०१०, १२४४ स्पीर ब्यूलेभर्ड, डेनभर, कोलोराडो, ८०२०४–३५८२, फोन (३०३) ८४४–५६९५ मा उजुरी दिने ;

डिस्ट्रिक्टले ५०४ को परिपालन गर्दछ भन्ने कुरालाई आश्वस्त पार्न जिम्मेवार भएका डिस्ट्रिक्टका ब्यक्ति श्री जोहन लिबेराटोर हुन् । निजको टेलिफोन नम्बर ७२०–४२३–८९०० हो । डेनभर पब्लिक स्कूलका खण्ड ५०४ का संयोजक पाउल थोम्सन हुन् । निजको टेलिफोन नम्बर ७२०–४२३–८०८६ हो ।